# Soaltee Hotel Limited

★ ★ ★ ★ ★

## आर्थिक वर्ष २०७८/०७९ को चौथो त्रैमासिक अवधिको प्रतिवेदन

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) संग सम्बन्धित**

**अनुसूची – १४**

सोल्टी होटल लिमिटेडको २०७९ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७८/०७९ को चौथो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदनः

### १. वित्तीय विवरण

(क) आर्थिक वर्ष २०७८/०७९ को चौथो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण :–
आर्थिक वर्ष २०७८/०७९ अन्तर्गत कम्पनीको १६ जुलाई २०२२ मा समाप्त (१६ जुलाई २०२१ देखि १६ जुलाई २०२२ सम्म) मा समाप्त चौथो त्रैमासिक अवधिको बैधानिक लेखापरीक्षण हुनु पूर्वका (अन्तिम लेखापरीक्षण हुन बाँकी) तुलनात्मक वित्तीय विवरणहरु अनुसूची १ मा प्रस्तुत गरिएको छ।
चौथो त्रैमासिक समीक्षा अवधिमा सम्बन्धित पक्षहरु बीच होटेलको नियमित व्यावसायिक कारोवार बाहेक अन्य कुनै कारोवार नभएको।

(ख) आर्थिक वर्ष २०७८/०७९ को चौथो त्रैमासिक अवधि, (१६ जुलाई २०२२) मा समाप्त भएको अवधिको लेखापरीक्षण नभएको प्रमुख वित्तीय अनुपातहरु :–

| विवरण | चौथो त्रैमासिक अवधि<br>१६ जुलाई २०२२ को अन्त्यमा<br>(लेखापरीक्षण नभएको) | अघिल्लो त्रैमासिक अवधि<br>३१ मार्च २०२१ को अन्त्यमा<br>(लेखापरीक्षण नभएको) | गत बर्षको त्रैमासिक अवधि<br>१५ जुलाई २०२१ को अन्त्यमा<br>(लेखापरीक्षण भएको) |
|---|---|---|---|
| प्रमुख वित्तीय सूचांकहरुः | | | |
| ऋण पूंजीको अनुपात | ०.०४ | ०.१५ | ०.०७ |
| शेयरधनीको शेयर पूंजी कोषको प्रतिफल | ०.१७ | ०.०७ | (०.१६) |
| प्रति शेयर आम्दानी (रु.) | ३.५८ | १.२९ | (२.६७) |
| प्रति शेयर नेटवर्थ (रु.) | २०.५८ | १८.२९ | १७.०० |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु.) | २८.४७ | २७.११ | २६.०६ |
| प्रति शेयर बजार मूल्य (रु. १०/– प्रति शेयर) (रु.) | २०२.५० | २३०.०० | २६२.०० |
| प्राईस अर्निङ्ग रेसियो (टाईम्स) | ५६.५७ | १७८.४५ | (९८.१४) |
| चालु अनुपात | ०.८२ | ०.६४ | ०.६२ |

### २. व्यवस्थापकीय विश्लेषण

(क) आर्थिक वर्ष २०७८/०७९ को चौथो त्रैमासिकको समीक्षा अवधि २०७९ बैशाख, जेष्ठ तथा आषाढ तीन महिना होटेलका व्यावसायीक गतिबिधि तथा क्रियाकलापहरु सामान्य रुपमा संचालन भए। होटेलको कुल व्यावसायीक आम्दानी अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा उल्लेख्य बृद्धि भएको छ। त्यसै गरी कम्पनीको स्वामित्वमा सञ्चालित नेपालका ख्याती प्राप्त अन्तर्राष्ट्रिय स्तरको एयरलाइन्स इन्फ्लाइट क्याटरिङ डिभिजन दी सोल्टी गेट गुरमेटको व्यावसायीक गतिविधिहरु अन्तर्राष्ट्रिय एअरलाइन्सहरुको नेपाल तर्फको उडान नियमित हुँदै गएकोले सो डिभिजनको संचालनमा समेत उल्लेख्य प्रगति भएको छ।

(ख) आर्थिक वर्ष २०७८/०७९ को चौथो त्रैमासिकको समीक्षा अवधिको अन्त्य अर्थात १६ जुलाई २०२२ सम्मका वित्तीय विवरणहरु अघिल्लो आर्थिक वर्षको सोही अवधिसंग तुलनात्मक रुपले विश्लेषण गर्दा कम्पनीको कुल आय आर्जनमा महत्वपूर्ण अभिबृद्धि भएको छ। चालु आर्थिक बर्ष २०७८/०७९ को होटेलको १६ जुलाई २०२२ सम्मका वित्तीय विवरणको नतिजा अनुसार समीक्षा त्रैमासिक अवधिको कार्यसम्पादनका सूचांकहरुलाई विश्लेषण गर्दा तथ्यांकहरु अत्यन्त उत्साहजनक रहेका छन्। यद्यपी गत आर्थिक वर्ष कोरोनाभाईरस कोभिड–१९ को संक्रमणबाट पर्यटन प्रभावित वर्ष भएकोले तुलनात्मक अध्ययन गर्न सकिदैन।

समीक्षा त्रैमासिक अवधिमा कम्पनीको कार्य संचालन तथा व्यवस्थापन सम्बन्धी गतिविधिहरु कुशलतापूर्वक रणनीतिक कार्ययोजना अनुसार संचालित गरियो। कम्पनीको जस्तो सुकै प्रतिकुल परिस्थितिमा पनि अत्यन्त सुझबुझ, दृढता र परिस्थितिको विश्लेषणात्मक अध्ययन गरी कार्यकुशलताका साथ व्यवस्थापकीय निपुर्णता, व्यवसायीक दक्षता तथा कार्यक्षमताको प्रदर्शन गर्दै व्यवसायिक गतिविधि गर्ने कार्य कायमै रह्यो। समीक्षा अवधिमा कम्पनीका कर्मचारीहरुको सहयोग, समर्थन तथा मेहनत प्रशंसनीय रह्यो।

समीक्षा त्रैमासिक अवधिमा कम्पनीको खर्चहरुमा पूर्णतः मितव्ययीता अपनाई तत्कालका लागि आवश्यक नभएका खर्चहरुमा व्यापक कटौति गरिएको तथा व्यवस्थापन चुस्त तथा दुरुस्त रहेको छ। चालु आर्थिक वर्ष २०७८/०७९ को चौथो त्रैमासिक अवधिको अन्त्यमा कम्पनीको वित्तीय नतिजामा सन्तोषजनक रहेको छ।

कम्पनीको व्यवस्थापन समूह कुनै पनि अप्रत्याशित हानी नोक्सानीलाई रोक्ने वा न्यूनीकरण गर्ने कार्यमा तदारुकताका साथ प्रयासरत रहेको छ । सोही परिप्रेक्षमा कम्पनीले होटेल व्यवस्थापनका लागि आवश्यक सबै व्यावसायीक कार्यनीति तथा रणनीतिक कार्यहरु अत्यन्त प्रभावशाली ढंगबाट निरन्तर गर्दै जानेछ।

(ग) कम्पनीको व्यवस्थापकीय कार्यकुशलता तथा प्रतिकुल परिस्थितिमा काम गर्न सक्ने कार्यकौशलता रणनीतिक कार्यक्षमता र व्यवस्थापकीय सुझबुझका साथ व्यावसायीक कार्यसम्पादन गर्ने कार्यदक्षताका कारण कम्पनीको मौज्दात, कार्यशील पूंजी र तरलताको अवस्था सन्तोषजनक रहेकोछ।

(घ) आर्थिक वर्ष २०७९/८० को आगामी प्रथम त्रैमासिक अवधिमा कम्पनीको व्यावसायिक गतिविधिहरुको सन्दर्भमा कोरोनाभाईरस कोभिड–१९ संक्रमणको फैलावतको अवस्था नआएको अवस्थामा तथा विश्व पर्यटनका गतिविधिहरुमा पर्यटक आवागमनमा कुनै प्रतिकुल प्रभाव नपरी विश्व पर्यटन अभिबृद्धि भई अन्तर्राष्ट्रिय वायु सेवाहरुका नेपालतर्फका उडानहरुको संख्यामा बृद्धि हुँदै जाने अपेक्षा गरिएको छ। यसै परिप्रेक्ष्यमा नेपालको पर्यटनले गतिलिदै जाने र अन्ततोगत्वा पर्यटन कोरोनाभाईरस कोभिड–१९ शुरु हुनु भन्दा पहिलाको अवस्थामा फर्कने अपेक्षा गरिएको छ। सोही अनुसार यस कम्पनीको होटेल व्यवस्थापन तथा संचालनबाट समेत उल्लेख्य प्रतिफल प्राप्त हुने अपेक्षा गरिएको छ।

आर्थिक वर्ष २०७९/८० को आगामी प्रथम त्रैमासिक अवधिमा कम्पनीको व्यावसायिक गतिविधिहरुको सन्दर्भमा कम्पनीले कुल आय बृद्धि गर्नका लागि अपनाउनु पर्ने सबै व्यावसायीक रणनीतिक संयन्त्रहरुको समुचित सदुपयोग गर्दै होटेलको अक्यूपेन्सी बढाउने, उपलब्ध अत्याधुनिक प्रविधिका साधनहरुको प्रयोग लगायतका सबै उपायहरु अबलम्बन गरी आम्दानी अभिबृद्धि गर्नेछ भने होटेल संचालन लागतमा मितव्ययीता, नियन्त्रणात्मक कार्य योजना अनावश्यक खर्च कटौतिलाई जारी राख्दै विविध बजारखण्डमा सूक्ष्म प्रवेश गर्दै आफ्ना व्यावसायिक गतिविधिहरुको कुशलतापूर्वक संचालन जारी राख्नेछ।

(ङ) समीक्षा अवधिमा नेपालका अन्तर्राष्ट्रिय हवाई सेवाहरुले नेपाल तर्फका आफ्ना हवाई उडानका गतिबिधिहरु विस्तार गर्दै संचालन गरि रहे। होटेलमा पर्यटक आगमनमा तुलनात्मक रुपमा कम रहेतापनि प्रितिभोज, विवाहका समारोहहरु, आन्तरिक सभा सम्मेलनहरु यथावत आयोजित भई रहे।

आर्थिक वर्ष २०७९/८० को आगामी प्रथम त्रैमासिक अवधिमा पनि सोही अनुसार नेपालको हस्पिटालिटी बजार विस्तारित हुँदै जाने तथा विश्व पर्यटन बजारका विभिन्न आयाम तथा खण्डहरुमा होटेलको पहुंच सुनिश्चित गर्दै जानेछ र यस होटेलका व्यावसायीक गतिविधिहरु शसक्त अग्रसरताका साथै आक्रामक रुपमा जारी रहनेछन्।

साथै, उल्लेखित चौथो त्रैमासिक अवधिका वित्तीय विवरणहरु अन्तर्गत नाफा वा नोक्सानको विवरणको कर्मचारी सुविधा खर्च शिर्षकमा यस आर्थिक वर्षमा कम्पनीका स्वेच्छाले अवकाश लिएका कर्मचारीहरुको अवकाश सम्बन्धी सुविधाहरुको सेवा समाप्तीमा पाउने अवकाश भुक्तानी खर्च समेत समावेश रहेको छ जसले कम्पनीको भावी वित्तीय अवस्थालाई सुदृढीकरण गर्न उल्लेख्य रुपमा सघाउने अपेक्षा गरिएको छ।

कम्पनीले समीक्षा चौथो त्रैमासिक अवधिमा व्यवस्थापकीय कार्यकुशलता सहित अधिकतम मितव्ययिता अपनाउदै व्यवसायमा आईपर्ने र कुनै पनि प्रतिकुल परिस्थितिहरुबाट पर्नसक्ने प्रभावलाई अधिकतम रुपमा न्यूनीकरण गर्दै कुशल व्यवस्थापकीय रणनीतिका साथ व्यवसायको सुक्ष्म व्यवस्थापनमा होटेल संचालन तथा व्यवस्थापन गर्ने नीतिलाई कठोरताका साथ पालना गरेकोछ।

साथै, आर्थिक वर्ष २०७९/८० को आगामी प्रथम त्रैमासिक अवधिमा पनि यो नीतिलाई कायम राख्दै सापेक्ष रुपमा सो अवधिको होटेलको आम्दानी अभिबृद्धि गर्ने, खर्चहरुमा मितव्ययीता अपनाउने जस्ता नियन्त्रणात्मक गतिबिधिहरु कडाईका साथ लागु गर्दै शसक्त व्यवस्थापकीय कार्यकुशलता तथा कार्यदक्षताका साथ कम्पनीको व्यावसायिक गतिविधिहरु संचालन तथा व्यवस्थापनमा पूर्णतः ध्यान केन्द्रित गर्नेछ।

### ३. कानुनी कारवाही सम्बन्धी विवरण

(क) आर्थिक वर्ष २०७८/०७९ को चौथो त्रैमासिक अवधिमा कम्पनीले कुनै मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

(ख) आर्थिक वर्ष २०७८/०७९ को चौथो त्रैमासिक अवधिमा कम्पनीका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

(ग) आर्थिक वर्ष २०७८/०७९ को चौथो त्रैमासिक अवधिमा कम्पनीलाई कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

### ४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण

(क) शेयरको कारोबारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादित गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेकोछ। शेयरको कारोबार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ।

(ख) कम्पनीको आर्थिक वर्ष २०७८/०७९ को आषाढ मसान्त २०७९ मा अन्त्य भएको चौथो त्रैमासिक अवधिमा प्रति शेयर रु. १०/– का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या देहाय बमोजिम रहेको छः–

| त्रैमासिक<br>आ.व. २०७८/७९<br>(२०२१/२२) | शेयरको कारोबार – मूल्य (रु.) | | | कूल शेयरको कारोबार – दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कूल दिन | कारोबार संख्या | कूल कारोबार शेयर संख्या |
| चौथो त्रैमासिक<br>(२०७९ आषाढ मसान्त) | २३२।७० | १८६।७० | २०२।५० | ६४ | ४,७३८ | १,४५८,८६८ |

## ५. समस्या तथा चुनौती

(क) **समस्याहरुः तथा चुनौतीहरुः**

**आन्तरिक**

(१) यस कम्पनीमा आन्तरिक समस्या नरहेको ।

**बाह्यः**

(१) विश्वव्यापी रुपमा फैलिने स्वास्थ्य सम्बन्धी संक्रामक रोगहरु (भाईरस) बाट पर्ने व्यावसायीक प्रतिकुलताहरु ।
(२) अप्रत्याशितरुपमा घटने पर्यटन प्रतिकूलताका राष्ट्रिय र अन्तर्राष्ट्रिय घटनाहरुको प्रभाव ।
(३) देशमा पर्यटन सम्बन्धी पर्याप्त भौतिक पूर्वाधारहरुको विकासको कमीबाट पर्ने नकारात्मक प्रभाव ।
(४) पर्यटकहरुको सुरक्षा, देशको आर्थिक र राजनैतिक अवस्था तथा सम्बन्धित बजार मुलुकहरुबाट जारी गरिने यात्रा प्रतिकूलता सम्बन्धी निर्देशनहरुबाट पर्ने प्रभावहरु ।
(५) विदेशी विनिमय दर (अमेरिकी डलर र युरो) मा हुने अप्रत्याशित परिवर्तन ।
(६) उर्जा, बिद्युत, इन्धन तथा तत्सम्बन्धी औद्यौगिक पदार्थमा हुने अप्रत्याशित उच्च मूल्य वृद्धि तथा उपभोग्य पदार्थको मूल्यबृद्धि र श्रम समस्याहरुबाट पर्ने प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरु ।
(७) नयाँ होटेलहरुको संचालन पश्चात देखापरेको र पर्न सक्ने बढ्दो होटेल कोठा आपूर्ति तथा पर्यटन बजारको मागमा आएको उच्च असन्तुलनबाट व्यवसायमा पर्न सक्ने प्रभाव ।
(८) पर्यटन उद्योगमा देखापर्ने औद्योगिक अशान्ति, अप्रत्याशित रुपमा हुने बन्द हडताल, आन्तरिक पर्यटन प्रवर्द्धनको कमी तथा सर्वसुलभ पर्यटकीय सार्वजनिक यातायातको अभाव तथा अन्तर्राष्ट्रिय हवाई सिट क्षमतामा न्युनताबाट पर्ने प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरु ।
(९) देशमा अचानक आइपर्ने असहज परिस्थितिहरु, प्राकृतिक तथा दैवी विपदा तथा प्रकोपहरुको प्रभाव ।

(ख) **रणनीति**

प्राकृतिक विपद तथा महामारी जस्तो दैवी प्रकोपको कारण निम्तिन सक्ने अप्रत्याशित तथा अनिश्चित प्रतिकुल परिस्थितिमा पनि वैधानिक पूर्ण अनुपालनाहरुका साथ होटेल व्यवस्थापन तथा संचालन सम्बन्धी व्यावसायीक गतिविधिहरु संचालन गर्नका लागि होटेलका पूर्वाधार संरचना र सुविधाहरुलाई पूर्ण क्रियाशिल तथा सोमा आधुनिकिकरण गर्दै कार्यकुशलताका साथ कार्यसम्पादन गर्ने रणनीतिक कार्ययोजनाको तर्जुमा गर्ने ।
सशक्त बजार व्यवस्थापन, होटेलका पाहुनाहरुलाई प्रदान गरिने गुणस्तरीय सेवा र सुविधाहरुको निरन्तर स्तरोन्नति । होटेलका सेवा सुविधा सम्बन्धी भौतिक पूर्वाधार संरचनाहरुको स्तरबृद्धि वा प्रतिस्थापन गरी लक्ष्य अनुसारको पर्यटन व्यवसायको बजार बिस्तार गर्ने र होटेलले प्रदान गर्ने सेवाहरुलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप निरन्तर परिमार्जन गर्दै तद्नुरुप कायम राख्ने ।
संचालन खर्च घटाउनको लागि अपनाउनु पर्ने सबै व्यवसायीक रणनीतिक, नीतिगत तथा व्यवसायीक कार्यकुशलतालाई पूर्ण क्षमतामा प्रयोग गर्दै कम्पनीका सबै संयन्त्रहरुको समुचित सदुपयोग गरी होटेलको संचालन तथा व्यवस्थापन न्यूनतम खर्चमा गर्ने, कर्मचारी तथा सोसंग सम्बन्धित खर्चको मितव्ययीता गर्ने लगायत अन्य अनावश्यक खर्चहरुलाई समेत कटौति गर्ने र होटेललाई प्रतिकुल परिस्थितिमा पनि अनुकुल बातावरण बनाई आय आर्जनमा अभिबृद्धि गर्ने कार्ययोजनालाई उच्च प्राथमिकता दिने रणनीति अख्तियार गर्ने ।

## ६. संस्थागत सुशासन

**संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापन द्वारा चालिएका कदम सम्बन्धी विवरण**

(क) कम्पनीको लेखापरीक्षण समितिले स्वतन्त्र आन्तरिक तथा वाह्य लेखा तथा व्यवस्थापकीय प्रतिवेदनहरुको त्रैमासिक पुनरावलोकन एवं समीक्षा गर्दै आवश्यक सुझाव सहित प्रतिवेदनमा उल्लेखित सिफारिशहरुको परिपालना भए नभएको अनुगमन समेत गर्दछ । लेखापरीक्षण समितिले कम्पनीको संचालक समिति समक्ष नियमित रुपमा प्रतिवेदन पेश गर्ने गर्दछ र यस सम्बन्धमा कम्पनीको संचालक समितिले समेत आवश्यक निर्देशन दिने गर्दछ ।
(ख) कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली अन्तर्गत होटेलको आफ्नै आन्तरिक लेखापरीक्षण विभाग समेत कार्यरत रहेको छ ।
(ग) कम्पनीको आन्तरिक लेखापरीक्षण छुट्टै स्वतन्त्र आन्तरिक लेखापरीक्षकबाट गरिन्छ जसले त्रैमासिक आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समिति समक्ष पेश गर्ने गर्दछ ।
(घ) कम्पनीले नियमनकारी निकायद्वारा जारी गरिएका नियम, विनियम र निर्देशनहरुको पूर्ण परिपालना सहित अन्य प्रचलित ऐन तथा कानून बमोजिम पुरा गर्नु पर्ने मापदण्डहरुको पूर्ण पालना गर्दछ ।

## ७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

अनुसूची १

# SOALTEE HOTEL LIMITED

## UNAUDITED FINANCIAL RESULTS

## AT THE END OF 16 JULY 2022, FOURTH QUARTER OF THE FISCAL YEAR 2078/079 (2021/22)

| PARTICULARS | Up to This Quarter ending on 16 July 2022 (Unaudited) | Up to this Quarter ending on 31 March 2022 (Unaudited) | Corresponding Previous year Quarter ending on 15 July 2021 (Audited) |
|---|---|---|---|
| **STATEMENT OF FINANCIAL POSITION AS AT 16 JULY 2022** | | | |
| **ASSETS** | | | |
| **Non-Current Assets** | | | |
| Property, Plant and Equipment | 1,576,215,502 | 1,485,902,463 | 1,433,176,369 |
| Intangible Assets | 377,937 | 620,389 | 1,206,338 |
| Investment Property | 89,176,618 | 89,753,806 | 91,155,741 |
| Deferred Tax Assets | 1,141,316 | 1,141,316 | 1,141,316 |
| Investments | 290,852,186 | 290,852,186 | 283,895,258 |
| Trade and Other Receivables | 23,835,101 | 41,739,078 | 36,273,481 |
| **Total Non-Current Assets** | **1,981,598,660** | **1,910,009,238** | **1,846,848,503** |
| **Current Assets** | | | |
| Inventories | 84,943,960 | 86,771,332 | 74,131,505 |
| Income Tax Receivable | 33,508,786 | 32,237,150 | 27,323,287 |
| Trade and Other Receivables | 251,243,204 | 219,191,505 | 208,954,681 |
| Prepayments | 14,384,902 | 5,755,166 | 9,898,982 |
| Cash and Cash Equivalent | 33,426,782 | 30,652,568 | 28,690,691 |
| **Total Current Assets** | **417,507,634** | **374,607,721** | **348,999,146** |
| **Total Assets** | **2,399,106,294** | **2,284,616,959** | **2,195,847,649** |
| **EQUITY AND LIABILITIES** | | | |
| **Equity and Reserves and Surplus** | | | |
| Share Capital | 842,579,730 | 842,579,730 | 842,579,730 |
| Retained Earnings and Reserves | 891,295,135 | 698,261,460 | 589,664,089 |
| **Total Equity** | **1,733,874,865** | **1,540,841,190** | **1,432,243,819** |
| **Liabilities** | | | |
| **Non-Current Liabilities** | | | |
| Loans and Borrowings | 9,980,591 | 10,582,100 | 1,124,779 |
| Employee Benefits | 122,972,669 | 128,132,836 | 172,307,353 |
| Trade and other payables | 22,198,747 | 23,546,747 | 28,808,705 |
| **Total Non-Current Liabilities** | **155,152,007** | **162,261,683** | **202,240,837** |
| **Current Liabilities** | | | |
| Loans and Borrowings | 53,011,005 | 228,041,856 | 94,579,504 |
| Employee Benefits | 41,433,151 | 28,308,973 | 9,881,025 |
| Trade and other payables | 415,635,266 | 325,163,257 | 456,902,464 |
| **Total Current Liabilities** | **510,079,422** | **581,514,086** | **561,362,993** |
| **Total Liabilities** | **665,231,429** | **743,775,769** | **763,603,830** |
| **Total Equity and Liabilities** | **2,399,106,294** | **2,284,616,959** | **2,195,847,649** |
| **STATEMENT OF PROFIT OR LOSS FOR THE PERIOD ENDED ON 16 JULY 2022** | | | |
| Revenue | 1,371,596,179 | 743,859,851 | 453,926,589 |
| **Total Revenue** | **1,371,596,179** | **743,859,851** | **453,926,589** |
| Consumption of Food and Beverages | 260,192,048 | 157,066,855 | 123,890,975 |
| Employee Benefit Expenses (Refer **Note***) | 337,473,987* | 203,217,419 | 213,983,858 |
| Operating Expenses | 202,668,249 | 112,239,815 | 94,894,586 |
| Depreciation and Amortization Expenses | 111,907,821 | 79,268,039 | 93,995,245 |
| Administrative & Other Expenses | 139,778,857 | 75,391,127 | 99,654,701 |
| **Total Expenses** | **1,052,020,962** | **627,183,255** | **626,419,365** |
| **Profit/(Loss) from Operation** | **319,575,217** | **116,676,596** | **(172,492,776)** |
| Finance Cost | 17,944,171 | 8,079,225 | 2,871,584 |
| **Profit/(Loss) Before Taxes** | **301,631,046** | **108,597,371** | **(175,364,360)** |
| Provision for Tax | - | - | - |
| Deferred Tax Expenses/(Income) | - | - | 49,569,138 |
| **Net Profit/(Loss) After Tax** | **301,631,046** | **108,597,371** | **(224,933,498)** |

**Note: * Employee Benefit Expenses includes Incentive Exit Scheme amounting to Rs. 38,867,026. The above Financial Statement presentation is subject to change at the time of Statutory Audit or changes made by the Regulatory Authority, if any.**